नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

## परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमी, भक्तपुर

## २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (पूरक) को समय तालिका सम्बन्धी सूचना

२०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसइइ) पूरक देहाय बमोजिमको समय तालिका अनुसार सञ्चालन गर्ने/गराउने गरी राष्ट्रिय परीक्षा बोर्डको मिति २०८३/०१/२८ मा बसेको बैठकमा निर्णय भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छः

### समय तालिका

**परीक्षा सञ्चालन समयः बिहान ८:०० बजेदेखि ११:०० बजेसम्म**

| क्र.सं. | मिति | विषय |
|---|---|---|
| १ | २०८३ साल असार १ गते सोमबार | अनिवार्य अङ्ग्रेजी (1011)<br>**संस्कृत/वेदविद्याश्रमतर्फः** अनिवार्य संस्कृत रचना (1071)/ अनिवार्य अङ्ग्रेजी (1011)<br>**मदरसातर्फः** अनिवार्य अरेबिक भाषा (1141)/अनिवार्य अङ्ग्रेजी (1011) |
| २ | २०८३ साल असार २ गते मङ्गलबार | अनिवार्य नेपाली (1021)<br>गैर नेपाली विद्यार्थीका लागि अतिरिक्त अङ्ग्रेजी (1061) |
| ३ | २०८३ साल असार ३ गते बुधबार | अनिवार्य गणित (1031) |
| ४ | २०८३ साल असार ४ गते बिहीबार | अनिवार्य विज्ञान तथा प्रविधि (1041)<br>**संस्कृत/वेदविद्याश्रमतर्फः** शुक्लयजुर्वेद (1081)/सामवेद (1091)/ऋग्वेद (1101)/ अथर्ववेद (1111)/ नीतिशास्त्र (1121)/अनिवार्य विज्ञान तथा प्रविधि (1041)<br>**मदरसातर्फः** अनिवार्य सिरत र इस्लामी (1151)/अनिवार्य विज्ञान तथा प्रविधि (1041) |
| ५ | २०८३ साल असार ५ गते शुक्रबार | अनिवार्य सामाजिक अध्ययन (1051)<br>**प्राविधिक धारतर्फः** अनिवार्य सामाजिक अध्ययन (1051)/ऐच्छिक गणित (2023)<br>**संस्कृत/वेदविद्याश्रमतर्फः** संस्कृत भाषा तथा व्याकरण (1131) |
| ६ | २०८३ साल असार ६ गते शनिबार | **साधारण तथा संस्कृत र वेदविद्याश्रमतर्फः** ऐच्छिक प्रथमपत्रका सबै विषयहरू<br>**प्राविधिक धारतर्फ (New Course):** Animal Health (4011), Industrial Agriculture and Fish Culture (4111), Data Structure and OOP Concept Using C++ (4211), Building Construction and Drawing (4311), Electrical Machine (4411), शास्त्रीय सङ्गीत (4511) |
| ७ | २०८३ साल असार ७ गते आइतबार | **साधारण तथा संस्कृत र वेदविद्याश्रमतर्फः** ऐच्छिक द्वितीयपत्रका सबै विषयहरू<br>**प्राविधिक धारतर्फ (New Course):** Dairy Porduct Technology (4021), Food Crop Production (4121), Computer Hardware, Electronics Repair & Maintainance (4221), Highway Engineering (4321), Basic Electronic (4421), नेपाली लोक सङ्गीत (4521) |
| ८ | २०८३ साल असार ८ गते सोमबार | **प्राविधिक धारतर्फ (New Course):** Veterinary Laboratory Technology (4031), Horticulture Crop Production (4131), Databased Management System (4231), Engineering Surveying (4331), Industrial Installation and Maintenance (4431), पाश्चात्य सङ्गीत (4531) |
| ९ | २०८३ साल असार ९ गते मङ्गलबार | **प्राविधिक धारतर्फ (New Course):** Aquaculture and Fisheries (4041), Floriculture and Nursery Production (4141), Digital Design & Microprocessor (4241), Estimating, Costing and Supervision (4341), Utilization of Electrical Energy (4441), गायन (4541), बादन (4551), नृत्य (4561) |

**द्रष्टव्यः**

१. पूरक परीक्षामा २०८२ सालको मूल परीक्षामा नियमित समूहबाट समावेश भई Not-Graded भएका परीक्षार्थी मात्र समावेश हुन पाउने छन्।
२. कुनै आकस्मिक बिदा पर्न गएमा पनि राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को पूर्व सूचनाबिना परीक्षा स्थगित हुनेछैन।
३. परीक्षा हलमा प्रवेश गर्न प्रवेशपत्र अनिवार्य हुनेछ।
४. परीक्षा केन्द्रको जानकारी सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइबाट हुनेछ।
५. तोकिएको परीक्षा केन्द्र र तालिका अनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीलाई परीक्षाको अर्को व्यवस्था हुनेछैन।
६. प्रवेश पत्रमा उल्लेख भएको सिम्बोल नम्बरबाट नै परीक्षा दिनुपर्नेछ। प्रवेश पत्रमा उल्लिखित सिम्बोल नम्बर परिवर्तन हुनेछैन। सिम्बोल नम्बर बाहेक कोड नम्बरमा परीक्षा दिएमा सो परीक्षा स्वतः रद्द हुनेछ।
७. अपाङ्गता भएका, सुत्केरी र किरियापुत्री परीक्षार्थीको सहजीकरणका लागि केन्द्राध्यक्षले सम्बन्धित विद्यालयसँग समन्वय गरी आवश्यक व्यवस्था गर्नुपर्नेछ।
८. परीक्षार्थीको परीक्षा केन्द्र परिवर्तन हुनेछैन।
९. २०८२ सालको मूल परीक्षामा नियमित समूहबाट परीक्षामा समावेश भई नतिजा रद्द भएका परीक्षार्थी पूरक परीक्षामा समावेश हुन पाउने छैनन्।
१०. परीक्षा हलमा मोबाइल, स्मार्ट घडी जस्ता ब्लुटुथ, चिप्स प्रयोग हुने विद्युतीय उपकरण लिई प्रवेश गर्न पाइनेछैन।
११. परीक्षा सम्बन्धी कुनै कुरा स्पष्ट नभएमा राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमी भक्तपुरको फोन नम्बरहरू ०१-६६३०७३९ र ०१-६६३००७० मा सम्पर्क गर्न सकिनेछ। यो विवरण राष्ट्रिय परीक्षा बोर्डको वेबसाइटः www.neb.gov.np तथा परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को वेबसाइटः see.gov.np मा पनि हेर्न सकिनेछ।

नियन्त्रक